# आठौं बैठक

आज मिति २०७७ साल पौष महिनाको २६ गते आईतबारका दिन बिहान ९:०० बजे यस रोल्पा नगरपालिका, नगर कार्यपालिकाको आठौं बैठक नगर प्रमुख श्री पुर्ण के.सी. ज्यूको अध्यक्षतामा र कार्यपालिका सदस्य ज्यू हरुको उपस्थितिमा बैठक बसी निर्णयहरु गरियो ।

**उपस्थिती :-**

१- नगर प्रमुख श्री पुर्ण के.सी. ——— अध्यक्ष
२- नगर उप-प्रमुख श्री मनकुमारी घर्तीमगर - सदस्य
३- १ नं. वडा अध्यक्ष श्री राजन कवर ——— —"—
४- २ नं. वडा अध्यक्ष श्री रविन बहादुर घर्तीमगर —"—
५- ३ नं. वडा अध्यक्ष श्री इन्द्र बहादुर थापा ——— —"—
६- ४ नं. वडा अध्यक्ष श्री नवराज आचार्य ——— —"—
७- ५ नं. वडा अध्यक्ष श्री टोप बहादुर नेपाली ——— —"—
८- ६ नं. वडा अध्यक्ष श्री तुलबहादुर घर्तीमगर ——— —"—
९- ७ नं. वडा अध्यक्ष श्री ज्ञानसिंह पुनमगर ——— —"—
१०- ८ नं. वडा अध्यक्ष श्री रतसिंह बुढा ——— —"—
११- ९ नं. वडा अध्यक्ष श्री भिम बहादुर घर्ती ——— —"—
१२- १० नं. वडा अध्यक्ष श्री मान बहादुर खत्री ——— —"—
१३- नगर सदस्य श्री गायत्री वि.क. ——— —"—
१४- —"— श्री तिलाराम सुनार ——— —"—
१५- —"— श्री दिलमायाँ वि.क. ——— —"—
१६- —"— श्री तिलमती वि.क. ——— —"—
१७- —"— श्री कल्पना वि.क. ——— —"—
१८- —"— श्री मिना घर्ती ——— —"—
१९- —"— श्री राजेन्द्र दमाई ——— —"—
२०- प्रमुख प्रशासकीय अधिकृत श्री मोहन पौडेल — सदस्य सचिव

**अन्य उपस्थितिहरु :-**

१- योजना अधिकृत श्री सुदिप डाँगी
२- प्रेस संयोजक श्री देवी गुरुङ
३- कार्यालय सहयोगी श्री उर्मिला बुढाथोकी
४- कार्यालय सहयोगी श्री रुद्र बहादुर रोका क्षेत्री
५- उप सचिव श्री महेन्द्र पराजुली
६- कृषि अधिकृत श्री महेन्द्र पुन
७- स्वास्थ्य संयोजक श्री टंक बहादुर गिरी
८- लेखापाल श्री बसन्त गिरी
९- इन्जिनियर श्री भिमप्रसाद शर्मा
१०- श्री निशान आचार्य

Scanned with CamScanner

निर्णय नं. १. – प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत पहिलो चरणमा अख्तियारी प्राप्त ३१,००,०००/- (एकतीस लाख रुपैयाँ) बराबरको कार्यक्रम १० वटै वडामा वितरण गर्दा वडाबाट प्राप्त शाखामा बेरोजगार दर्ता गरेका व्यक्तिहरूलाई फारम भरेका व्यक्तिहरूको प्रतिशतको आधारमा समानुपातिक पर्नेगरी रकम बाँडफाँड गर्ने र बाँकी दोस्रो पटक थप भएको १७,०६,०००/- (सत्र लाख छ हजार) रकम बराबरको कार्यक्रम भने आगामी कार्यपालिकाको बैठकबाट निर्णय गरी बाँडफाँड गर्ने निर्णय गरियो।

निर्णय नं. २ – रोल्पा नगरपालिकालाई आ. व. २०७७/०७८ का लागि गरिबि निवारणका लागी लघु उद्यम विकास (मेड्पा) कार्यक्रम रोल्पा नगरपालिका वडा नं. ४ मा सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं. ३ – रोल्पा नगरपालिकामा गरिबी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम (मेड्पा) व्यवस्थापनका लागी तपसिलका पदाधिकारी रहेको नगर उद्यम विकास समिति गठन गर्ने निर्णय गरियो।

तपसिल :-

क) नगर प्रमुख श्री पुर्ण के. सी. ———— संयोजक
ख) आर्थिक विकास समिति संयोजक श्री सनसिङ बुढा – सदस्य
ग) प्रमुख प्रशासकीय अधिकृत श्री मोहन पौडेल —— —"—
घ) कार्यक्रम लागु हुने वडाको महिला सदस्य श्री हिमामायाँ वि. क. – सदस्य
ङ) महिला लघु उद्यमी श्री गिता थापा ———— ——"——
च) ने. बैं. लि. रोल्पाका प्रतिनिधी श्री कुश अधिकारी ——"—
छ) सम्पर्क व्यक्ती / योजना अधिकृत श्री सुदिप डाँगी — सदस्य सचिव

निर्णय नं. ४ – रोल्पा नगरपालिकामा गरिबी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम (मेड्पा) अनुगमनका लागी निम्नानुसार पदाधिकारी रहेको कार्यक्रम अनुगमन उप-समिति गठन गर्ने निर्णय गरियो।

निम्न :-

क) नगर उप-प्रमुख श्री मनकुमारी घर्तीमगर —— संयोजक
ख) कार्यपालिका महिला सदस्य श्री गायत्री वि. क. — सदस्य
ग) प्रशासकीय अधिकृत श्री सुशिल कुमार थापा — —"—
घ) संयोजकले तोकेको उद्यमी श्री तिल कुमारी घर्ती — —"—
ङ) शाखा प्रमुखले तोकेको लेखापाल श्री बसन्त गिरी — सदस्य सचिव

निर्णय नं. ५ – यस रोल्पा नगरपालिकाको उद्यम विकास सहजकर्ता संख्या - २ (दुई) छनौट कार्यमा परिक्षा सञ्चालन तथा विशेषज्ञ आमन्त्रण गर्दा लागेको खर्च उक्त कार्यक्रममा नरहेको हुँदा रोल्पा नगरपालिकाको आ. व. २०७७/०७८ मा विनियोजित कार्यालय सञ्चालन शिर्षकबाट उक्त रकम खर्च लेखिने गरी खर्च अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ६ - संघिय सरकारबाट आ. व. २०७७/०७८ मा बहुक्षेत्रीय पोषण कार्यक्रम शिर्षकमा प्राप्त कार्यक्रम रोल्पा नगरपालिका वडा नं. १२ र वडा नं. ७ मा सञ्चालन गर्ने निर्णय गरियो।

Scanned with CamScanner

निर्णय नं. ७ – आ.व. २०७८/०७९ का लागी संघीय विशेष अनुदान तर्फ तपसिलका योजनाहरु प्राथमिकीकरण गरी योजना माग गर्ने निर्णय निर्णय गरियो।

तपसिल :-

क) राष्ट्रिय मा.वि. खुमेल R.C.C. भवन निर्माण, वडा नं. ३
ख) अेदवाङ स्वास्थ्य चौकी निर्माण, वडा नं. ९
ग) अंकोट स्वास्थ्य चौकी निर्माण, वडा नं. ८
घ) कोटगाउं खानेपानी योजना, वडा नं. ६
ङ) प्रा.वि. स्यानो लिवाङ R.C.C. भवन निर्माण, वडा नं. १
च) वडा नं. २ खानेपानी योजना, वडा नं. २
छ) पाहाना कालीमाटी खानेपानी योजना, वडा नं. ४
ज) वडा नं. ७ खानेपानी योजना, वडा नं. ७
झ) थवाङ स्वास्थ्य चौकी निर्माण, वडा नं. १०
ञ) हवामा स्वास्थ्य चौकी भवन निर्माण, वडा नं. ५

निर्णय नं. ८ – रोल्पा नगरपालिका वडा नं. २ रेउघामा (साविक लिवाङ गा.वि.स. वडा नं. ४) मा रहेको सि.नं. ०५१-०४६२ कि.नं. ९ क्षेत्रफल २८,४३९ वर्गमिटर जग्गा मध्येवाट पश्चिममा उत्तर कित्ता नं. १२४७ को दक्षिणमा रहेको सोही कित्तामा अवस्थित श्री पितराज आ.वि. पुर्वमा सोही कित्तामा अवस्थित रोल्पा नगरपालिकाबाट निर्माणाधिन बसपार्क कित्ता नं. २२६६, २३०१, २३०३ र २३०४ को जग्गा र दक्षिणमा कि.नं. १२५० र १२९८ देखी उत्तरमा सोही कित्तामा प्रस्तावित बाटो यति चार किल्ला भित्रको १०,२८० वर्गमिटर क्षेत्रफल भएको जग्गा फिल्डबुकमा गौचरण भएको र स्थानिय बासिहरुले कुनै किसिमको सार्वजनिक ~~किसिमले~~ उपभोग नगरेकाले उक्त जग्गा स्थानिय बासिको सहमतिमा सशस्त्र प्रहरी बल नेपाल सरकारी निकायबाट सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७ को दफा ७ को ग) बमोजिम उक्त जग्गालाई जग्गा प्राप्तिका लागी सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं. ९ – नेपाल सरकार सडक बोर्डबाट आ.व. २०७७/०७८ का लागी रु. १७,००,०००/- (सत्र लाख) रकम यस रोल्पा नगरपालिकालाई प्राप्त भएकाले उक्त रकममा नगरपालिकाको म्याचिङ फण्डबाट सो रकमको २० प्रतिशतले हुन आउने रकम थप गरी नगरपालिकाको बजार क्षेत्रको गोलापेत्र पुष्कोषको तथा अन्य विभिन्न स्थानहरुको मोटरबाटो मर्मत सुधार गर्ने निर्णय गरियो।

निर्णय नं. १० – रोल्पा नगरपालिका आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार विद्यालयमा सूचना प्रविधी साझेदारी कार्यक्रममा देहायका आधारमा सूचना प्रकाशन गरी प्रस्तावना माग र विद्यालय छनौट गर्ने निर्णय गरियो।

क) हालसम्म एकपनि Desktop नभएको,
ख) कम्तीमा १ जना कम्प्युटर शिक्षक अनशक्ति भएको,
ग) विद्युत सुविधा पुगेको।, विद्यालयमा १ थान Computer, १ थान printer, खरिद गर्न प्रस्तावका आधारमा २५% विद्यालयको साझेदारी र ७५% नगरपालिकाको अनुदान शिक्षा समितिको निर्णयअनुसार बील भरपाई प्राप्त भएपछी निकाशा दिने निर्णय गरियो।

निर्णय नं. ११- आ.व. २०७८/०७९ का लागि संघीय समपुरक अनुदानतर्फ तपसिलका योजनाहरु प्राथमिकिकरण गरी योजना माग गर्ने निर्णय गरियो।

तपसिल :-

क) सातदोबाटो भ्यु टावर निर्माण योजना क्रमागत,

ख) निवाङ- सल्लीबोट- ठोक्राप नयाँ मोटरबाटो निर्माण,

ग) लिवाङ- बाङ्गाउँ- भूम- भिम्ङ- सुनिलमार्ग मोटरबाटो निर्माण।